annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २७०, पृष्ठ ८ | काठमाडौं, श … वत् ११४६ | SATURDAY, FEBRUARY 7, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




आवरण समाचार

## साइकल राइडर, क्यान्सरसँग टक्कर

क्यान्सर जित्नेहरूको पीडादायी अनुभव भोग्नेलाई मात्र थाहा हुन्छ। अनेकन दुःखदायी परिस्थितिलाई जितेर पुनर्जीवन पाएका उदाहरणीय पात्रहरूले नेपालमै क्यान्सरलाई जित्न सकिन्छ भन्ने आशा जगाएका छन्। क्यान्सरविरुद्ध उपचारमा प्राप्त सफलताले हामी भन्न सक्छौं, नेपालले क्यान्सरलाई जित्दै गएको छ।

**दिनेश गौतम** | *काठमाडौं*

समाचार पृष्ठ ४

रक्तक्यान्सर विजेता ध्रुवप्रसाद हुँमागाईं । ● सुनिता डंगोल

## कांग्रेसका सभापति र उपसभापतिले बुझ्नै मानेनन् सर्वोच्चको म्याद

**अन्नपूर्ण** | *काठमाडौं*

विधि र प्रणाली बसाउने भन्दै बदलिएको कांग्रेसको नारा दिँदै आएका कांग्रेस सभापति गगनकुमार थापा र उपसभापति विश्वप्रकाश शर्माले कानुनअनुसार अदालतको म्याद तामेली गर्न मानेका छैनन्।

विशेष महाधिवेशनका नाममा भृकुटीमण्डपमा 'अवैधानिक भेला' भएको भन्दै कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान कार्यवहाक सभापति पूर्णबहादुर खड्काले निर्वाचन आयोगको निर्णय बदरको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। उक्त रिटअनुसार दुवै पक्षलाई छलफलमा बोलाउने आदेश सर्वोच्चले गरेको थियो। सर्वोच्चले अग्राधिकारसहित उक्त रिटलाई प्राथमिकतामा राखेर १५ दिनभित्र जवाफ फर्काउन आदेश दिएको थियो। तर, विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस सभापति थापा र उपसभापति शर्मा दुवैले सर्वोच्चको म्याद बुझ्न मानेका छैनन्।

सर्वोच्चका तामेलदारले पटकपटक उनीहरूलाई म्याद बुझ्नका लागि सम्पर्क गर्दा पनि उनीहरूले विभिन्न बहाना बनाउने र ढाँट्ने गरेको ती तामेलदारले बताए। 'अदालतको आदेशअनुसार १५ दिनभित्र म्याद बुझेर जवाफ फर्काउनुपर्नेमा तीन हप्तादेखि उहाँहरू दुवै जनालाई सम्पर्क गरिरहेको छु तर उहाँहरू म्याद बुझ्नै मान्नु हुन्न,' सर्वोच्च प्रशासनका ती तामेलदारले भने, 'अदालतको आदेशअनुसारको म्याद सबैले बुझ्नुपर्छ। उहाँहरू सुपर मानव त होइन, तर उहाँहरूले किन यस्तो गर्नु भएको छ बुझ्न सकिएको छैन।'



थापा र शर्माले म्याद नबुझ्दा अदालती प्रक्रिया अवरोध भएको छ। सर्वोच्चले अवको केही दिनभित्र पनि म्याद नबुझे पत्रिकामा सूचना निकाल्ने तयारी गरेको जनाएको छ।

## 'लत' लाग्ने सामग्री हटाउन टिकटकलाई ईयूको चेतावनी

**ब्रसेल्स** (एजेन्सी) : युरोपेली संघ (ईयू) ले चिनियाँ स्वामित्वको सामाजिक सञ्जाल टिकटकलाई आफ्नो प्लेटफर्म प्रयोगकर्तालाई 'लत' लाग्ने खालका सामग्री र डिजाइन तत्काल परिवर्तन गर्न निर्देशन दिएको छ। निर्देशन नमानिए डिजिटल सेवा ऐन (डीएसए) अन्तर्गत ठूलो जरिवानाको जोखिम रहेको ईयूले स्पष्ट पारेको छ।

दुई वर्षअघि सुरु गरिएको अनुसन्धानको प्रारम्भिक निष्कर्ष सार्वजनिक गर्दै युरोपेली आयोगले टिकटकले नाबालिग र कमजोर वयस्कहरूमा पर्ने नकारात्मक असर रोक्न पर्याप्त कदम नचालेको निष्कर्ष निकालेको हो। अत्यधिक व्यक्तिगत सिफारिस प्रणाली, स्वतः प्रसारण हुने भिडियो, प्रचारात्मक सूचना र निरन्तर स्क्रोलजस्ता सुविधाले प्रयोगकर्तालाई बाध्यकारी रूपमा एप प्रयोग गर्न प्रेरित गरेको आयोगको ठहर छ। आयोगका प्रवक्ता थोमस रेग्नियरले टिकटकको यस्तो डिजाइन डिजिटल सेवा ऐनको उल्लंघन भएको बताउँदै यसले विशेषगरी बालबालिकाको मानसिक स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याएको चेतावनी दिए।

### भित्री पृष्ठ



नुनको भारी र सपनाको गाडी - पृष्ठ ५



क्यान्सर सचेतना राउन्ड टेबल - पृष्ठ ६



संकटमा मौलिक राडीपाखी उद्योग, जोगाउँदै महिला - पृष्ठ ७

## मुसहरलाई चुनाव, हर्ष न विस्मात

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेशसभा भवनको ठ्याकै पछाडि छ- मुसहर (दलित) टोल। ऐलानी जग्गामै केही कच्ची र केही पक्की घर छन्। मुसहर टोलमा न कुनै भौतिक विकास पुगेको छ। न त शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको अनुभूति नै गर्न पाएका छन्, यहाँका मुसहरहरूले। सधैं गरिबी, अशिक्षा र अभावले पिल्सिएका मुसहरहरूको भोट तान्न चुनावका बेला नेताहरू आइपुग्छन् तर चुनाव सकिएपछि अभाव, दुःख र पीडाको भार थाम्न कोही आउँदैनन्।

'सबदिन एगो दुगो नेतासब चौक पर अबैहै, चुनाव होतै फगुवामे कहादुन। हमरासभके कोन मतलब कोई आए जाए हमरासभक दशा पुरने है।'

(आजभोलि सधैं एक दुई जना नेताहरू चोकमा आउँछन्, चुनाव हुन्छ रे फागुनमा। तर, हामीलाई के मतलब जो आए पनि हाम्रो दसा उही पुरानो छ।) बिहीबार घरमै भेटिएकी उसादेवी सदालाई आसन्न प्रतिनिधिसभाको निर्वाचनको चहलपहलले खासै प्रभावित गर्न सकेको छैन।

बस्तीमा एक घर छ, उसादेवी सदाको। उसाका चार छोरा छन्। सबैको बिहे भइसकेको छ। ९ जना नातिनातिनामध्ये कोही पनि विद्यालय जाँदैनन्। न त उनको परिवारमा कोही पढेलेखेका नै छन्। श्रीमान् विन्देश्वर सदा पनि बेरोजगार छन्। ठूलो छोरा मनोज गाडी चलाउँछन् र अन्य तीन छोराहरू पनि मजदुरी गरेर जीविकोपार्जन गर्छन्।

जनकपुरधाम उपमहानगरपालिका १२ मा पुस्तौंदेखि बस्दै आएकी उसाले तीनवटा चुनावमा भोट हालेको सम्झन्छिन्। तर, अब उनलाई भोट हाल्नु एक दिनको चहलपहल मात्रै हो जस्तो लागेको छ। यसले गरिब र विशेष गरी मुसहरबस्तीमा कुनै परिवर्तन ल्याउन नसकेको उसाको ठम्याइ छ। 'योभन्दा पहिले पनि भोट दिएको थिएँ खै को जित्यो थाहा भएन। मेरो श्रीमान्‌ले जुन छापमा भन्नुभयो त्यसमै भोट हाले। पहिला पनि भोट हालेकै हो तर, यो भोट हालेको दिनपछि के हुन्छ खै ? हामी त मजदुरी गरेर खानेहरू पर्‍यौं। हाम्रा लागि न त कसैले कहिल्यै कुनै राहत ल्याइदिएका छन् न त कुनै सहयोग नै गरेका छन्।' उसाका ४ जना बुहारी जेठी तुल्फी सदा, अनिता सदा, गुडिया सदा र सुनिता सदामध्ये कसैको पनि नागरिकता बनेको छैन। नत बालबच्चाहरूको जन्मदर्ता नै छ। बुहारीहरू सबैको माइतीघर जनकपुर नै हो। तर, पनि उनीहरूको नागरिकता हालसम्म बन्न सकेको छैन। नागरिकता नै नभएपछि उनीहरूले आफ्नो मतसमेत हाल्न पाउने अधिकारको प्रयोग गर्न पाएका छैनन्।



जनकपुरको मुसहर बस्तीमा उसादेवी सदाको परिवार। ● मनिका झा

'नागरिकता बनाउन एक दुईपटक सीडीओ अफिस गएको थिएँ तर, त्यहाँ सबै काम गराउन पैसा माग्छन्। हामीलाई लेखपढ गर्न आउँदैन। मेरो श्रीमान्‌लाई पनि आउँदैन। आफिसमा बिनापैसा त कसैले कुनै कामै गर्दैन। नागरिकता बनाउन तेत्रो पैसा कहाँबाट आउँछ ? यही हैरानी परेसानीले हालसम्म नागरिकता बनेन,' उसाकी बुहारी गुडिया भन्छिन्, 'भोट माग्न आउनेहरू पनि हाम्रो बस्तीभित्र छिर्दैनन्। टोलको बाहिरै पुरुषहरूसँग भेटेर जान्छन्। हामीलाई भेट्न आएको भए म भन्थे होला, जसले हाम्रो नागरिकता बनाई दिन्छ हामी त्यसलाई नै भोट दिन्छौं।' टोलका अधिकांश बुहारी पुस्ता र छोरीहरूसँग नागरिकता छैन।

» बाँकी पृष्ठ ८